आज मिति २०७८ वैशाख १९ गते आइतवारका दिन विहान ८:०० वजे मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसार निर्णय गरियो :

उपस्थिति :

| | |
|---|---|
| नगर प्रमुख | : श्री विमल आचार्य |
| उपप्रमुख | : श्री मिना उप्रेती |
| अध्यक्ष, वडा नं. १ | : श्री पासाङ्ग तामाङ्ग |
| अध्यक्ष, वडा नं. २ | : श्री तिलक न्यौपाने |
| अध्यक्ष, वडा नं. ३ | : श्री हर्क वहादुर वस्नेत |
| अध्यक्ष, वडा नं. ४ | : श्री नवीन वराल |
| अध्यक्ष, वडा नं. ५ | : श्री योगेन्द्र थापा मगर |
| अध्यक्ष, वडा नं. ६ | : श्री ललित वहादुर तामाङ्ग |
| अध्यक्ष, वडा नं. ७ | : श्री चन्दन मेचे |
| अध्यक्ष, वडा नं. ८ | : श्री विकेन्द्र कुमार धिमाल |
| अध्यक्ष, वडा नं. ९ | : श्री गोपाल खड्का |
| अध्यक्ष, वडा नं. १० | : श्री शुवेश कुमार पनेरु |
| अध्यक्ष, वडा नं. ११ | : श्री सन्तोष कुमार मेचे |
| अध्यक्ष, वडा नं. १२ | : श्री नरेन्द्र धिमाल |
| अध्यक्ष, वडा नं. १३ | : श्री कृष्ण सिग्देल |
| अध्यक्ष, वडा नं. १४ | : श्री शंकर पोखरेल |
| अध्यक्ष, वडा नं. १५ | : श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : श्री टिकाराम सार्की |
| कार्यपालिका सदस्य | : श्री लक्ष्मी तामाङ्ग |
| कार्यपालिका सदस्य | : श्री रुपा गुरुङ्ग |
| कार्यपालिका सदस्य | : श्री कृष्ण कनाल |
| कार्यपालिका सदस्य | : श्री पूर्ण मेचे |
| कार्यपालिका सदस्य | : श्री निर्मला परियार |
| कार्यपालिका सदस्य | : श्री विन्दा प्रसाई |
| कार्यपालिका सदस्य | : श्री कुश्मी कुमारी चौधरी |
| सदस्य सचिव | : प्रमुख प्रशासकीय अधिकृत श्री खेमराज ओझा |

निर्णय नं.१

कोभिड-१९ संक्रमण नियन्त्रणका लागि प्रत्येक वडामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी का प्रमुखलाई फोकल पर्सन तोक्ने, वडामा तोकिएको स्वास्थ्यका फोकल पर्सनले सम्बन्धित वडा कार्यालय र नगरपालिकाको स्वास्थ्य शाखा/सामाजिक शाखालाई दैनिक जानकारी गराउने व्यवस्था मिलाउने र प्राप्त सुचना दैनिक रुपमा सार्वजनिक गर्न नगर कार्यपालिका कार्यालयका सुचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.२

कोभिड-१९ संक्रमण नियन्त्रण गर्न र संक्रमितहरुको आपतकालीन व्यवस्थापन गर्न, वडा भित्र रहेको खाद्य, औषधी पसल, स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन जस्ता विषयको अनुगमन गर्न वडा अध्यक्षको अध्यक्षतामा टोल विकास संस्था, राजनैतिक पार्टीका प्रतिनिधी र वडा सदस्यहरु रहेको वडा स्तरीय कोभिड-१९ संक्रमण नियन्त्रण कार्यदल गठन गर्ने निर्णय गरियो।

निर्णय नं.३

कोभिड-१९ संक्रमित विरामीको उपचारका लागि मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मेचीनगर नगरपालिका वडा नं. ११ धाइजन स्वास्थ्य चौकी भवनमा संचालित आइसोलेशन सेन्टरको व्यवस्थापनको जिम्मेवारी वडा नं. ११ का अध्यक्ष श्री सन्तोष कुमार मेचेको नेतृत्वमा वडा नं. ११ को वडा समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.४

कोभिड-१९ संक्रमण नियन्त्रणको क्रममा औषधी, स्वास्थ्य सुरक्षण सामग्री व्यवस्थापन र दैनिक अनुगमन प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यलयको मे.१ झ. १४९ न. सवारी साधन प्रयोग गर्ने निर्णय गरियो।

निर्णय नं.५

मेचीनगर नगरपालिका, धुलाबारी स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्स प्राथमिक स्वास्थ्य केन्द्रलाई जानकारी गराई कोभिड-१९ संक्रमण नियन्त्रण प्रयोजनमा प्रयोग गर्ने गरी धाइजन स्वास्थ्य चौकीमा राख्ने निर्णय गरियो।

निर्णय नं.६

कोभिड-१९ संक्रमण नियन्त्रणका लागि संचालनमा रहेको आइसोलेशन सेन्टरमा खटिएका डाक्टर, अहेव, स्टाफ नर्स, अनमी, कार्यालय सहयोगी तथा कोभिड-१९ संक्रमण नियन्त्रणका लागि प्रयोग गरिने एम्बुलेन्स र सवारी साधनका चालकलाई शुरु तलव स्केलको ५०% जोखिम भत्ता दिने निर्णय गरियो।

निर्णय नं.७

धाइजन आइसोलेशन सेन्टरमा कार्यरत डाक्टर सहितको टोलीलाई आलो पालो प्रणालीमा काम गर्दा सेल्फ क्वारेन्टाइनमा राख्नु पर्ने भएको र दैनिक रुपमा होटल व्यवस्थापन गर्दा बढी खर्च हुने देखिएको हुँदा, मेचीनगर नगरपालिका वडा नं. १०, धुलावारी चोकमा उमादेवी पाण्डे सहितको नाममा रहेको घरको २ वटा कोठा, किचन, सिटिंग रुम, फ्रिज सहितको फर्निसिंग फ्ल्याट २०७८ असाढ मसान्त सम्मका लागि मासिक रु.३०,०००|- (कर वाहेक) मा भाडामा लिने निर्णय गरियो।

निर्णय नं.८

कोभिड-१९ बाट संक्रमित भई निधन भएका व्यक्तिहरुको दाह संस्कार गर्न नेपाली सेनासंग समन्वय गरी नगर क्षेत्र भित्र कम्तिमा २ वटा दाह संस्कार स्थल छनौट गरी दाह संस्कारको व्यवस्था मिलाउने निर्णय गरियो |

निर्णय नं.९

मेची उद्योग वाणिज्य संघले संचालन गरेको एम्बुलेन्स इन्धन, चालकको पारिश्रमिक, मर्मत खर्च र मासिक भाडा रु.१०,०००|- समेत दिने गरी उपलब्ध गराउन अनुरोध गर्ने र उक्त एम्बुलेन्स नगर कार्यपालिकाको कार्यालयमा राख्ने निर्णय गरियो | साथै उक्त एम्बुलेन्स चालकलाई समेत खाइपाई आएको तलवको ५०% जोखिम भत्ता दिने निर्णय गरियो |

निर्णय नं.१०

कोभिड-१९ संक्रमण नियन्त्रणको कार्य र जिम्मेवारीलाई व्यवस्थित वनाउन निम्नानुसार मेचीनगर कोभिड-१९ संक्रमण नियन्त्रण कार्यदलको सचिवालय गठन गर्ने निर्णय गरियो |

संयोजक: सयोजक, सामाजिक विकास समिति

सदस्य: प्रमुख, सामाजिक विकास शाखा

सदस्य: विपद व्यवस्थापन समिति, सचिव

सदस्य: सुचना प्रविधि अधिकृत

सदस्य सचिव: नगर कार्यपालिकाको कार्यालयले तोकेको अधिकृतस्तरको स्वाथ्यकर्मी

साथै सचिवालयको निर्णय वमोजिम स्वास्थ्य सामग्री व्यवस्थापनमा सहयोग पुर्याउन एक जना नगर प्रहरीलाई जिम्मेवारी तोक्ने र निजलाई समेत ५०% जोखिम भत्ता दिने निर्णय गरियो |

निर्णय नं.११

कोभिड-१९ को संक्रमण तिव्र गतिमा फैलिरहेको अवस्थामा पेट्रोल पम्प र धर्मकाटामा भारतीय न. प्लेट ढुवानीका साधन पार्किंग गरिरहेको देखिएको हुँदा पेट्रोल पम्प र धर्मकाटामा ढुवानी सवारी साधन पार्किंग नगराउन सार्वजनिक सुचना जारि गर्ने निर्णय गरियो |

निर्णय नं.१२

कोभिड-१९ वाट संक्रमित हुने व्यक्तिहरुको लागि निम्न अनुसारको आकस्मिक सेवा नगरपालिकाबाट पुर्याउने र सो को जानकारी सर्व साधारणहरुलाई गराउने निर्णय गरियो |

आकस्मिक अक्सिजन सेवा

एम्वुलेन्स सेवा

आपतकालीन अवस्थाका लागि अत्यावश्यक औषधि सेवा

निर्णय नं.१३

कोभिड-१९ संक्रमण नियन्त्रणको क्रममा नगरपालिका कार्यालय, वडा कार्यालय संचालनको मापदण्ड तयार तथा जारी गरी कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो |

निर्णय नं.१४

धाइजन आइसोलेशन सेन्टर संचालनका लागि २ वटा स्वास्थ्यकर्मीहरुको समूह निर्माण गरी परिचालन गर्न नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो |

१५

निर्णय नं.१५

कोभिड-१९ संक्रमण नियन्त्रणका लागि आवश्यक पर्ने औषधी र स्वास्थ्य सुरक्षा सामग्री छिटो प्रकृयाबाट खरिद गर्न निम्नानुसारको समिति निर्माण गर्ने निर्णय गरियो।

प्रमुख – संयोजक

उप प्रमुख – सह संयोजक

सदस्य – प्रमुख प्रशासकीय अधिकृत

सदस्य – लेखा अधिकृत

सदस्य – सामाजिक विकास समिति संयोजक

सदस्य – ई. कमल प्रसाद कोइराला

सदस्य सचिव – प्रमुख, खरिद शाखा

निर्णय नं.१६

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति: २०७७/११/१६ च.नं. ४३५ पुष्प प्रसाद पौडेल संग सम्बन्धित पत्र वैठकमा जानकारी गराइयो।

निर्णय नं.१७

कोभिड १९ संक्रमणको गति तिव्र भएका कारण अर्को सूचना जारी नभएसम्मका लागि कुनै पनि संघसस्थाको साधारण सभा, निर्वाचन जस्ता कार्यक्रम नगर्न नगराउन जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं.१८

विर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विर्तामोड नगरपालिका क्षेत्र भित्रका सडक स्तरोन्नतिका लागि नदीजन्य पदार्थ माग गरी मिति: २०७८/०१/१६ च.नं. ७७७० बाट पत्राचार गरेकोमा, मेचीनगर नगरपालिकाको क्षेत्र भित्रको निन्दा खोलाबाट नदीजन्य पदार्थ उत्खनन संकलन गर्न स्वीकृत प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकनले निर्धारण गरेको क्षेत्रबाट अनुगमन पदाधिकारीको सिफारिसका आधारमा ८,००० घ.मि. नदीजन्य पदार्थ उत्खनन, संकलनको अनुमति दिने निर्णय गरियो।

निर्णय नं.१९

मेचीनगर नगरपालिका ३ नं. वडा कार्यालयको कार्यालय सहयोगी रुक बहादुर लुंगेली मगरको पारिश्रमिक न्युनतम भएका कारण २०७८ साल वैशाख देखी लागु हुनेगरी चौकीदार र कार्यालय सहयोगी दुवैको काम गर्ने गरी रु. १९,४८०|- मासिक पारिश्रमिक दिने निर्णय गरियो।

निर्णय नं.२०

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी पहिचान तथा प्रमाणीकरण इकाईमा तथ्यांक संकलकका रुपमा काम गर्नेगरी मिति:२०७७ वैशाख १५ गतेको कार्यपालिकाको निर्णयबाट पनप कोइरालालाई नियुक्तिका लागि निर्णय भएकोमा, निजले काम गर्न नसक्ने भनी निवेदन सहित जानकारी गराएको हुँदा, वडा नं. ४ मा तथ्यांक संकलकको रुपमा कार्य गर्ने गरी समिर वराललाई नियुक्ति गर्ने निर्णय गरियो।

अन्त्यमा, बैठकका अध्यक्षज्यूबाट बैठक सधन्यबाद समापन गरियो।